# बुद्धभूमी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हनुमानचोक बुड्ढी, कपिलवस्तु
लुम्बीनी प्रदेश, नेपाल

**चमेनागृह संचालनको लागि ठेक्का सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०७९।८।२९**

यस नगरपालिका कार्यालयको परिसर भित्र पर्ने चमेनागृह (क्यान्टिन) संचालन गर्न २ आर्थिक बर्षको लागि भाडामा दिनुपर्ने भएकोले यस आ.व.को बाँकी अवधी देखि २ वर्ष सम्मका लागि मासिक भाडा न्यूनतम दररेट रु. ७८६५।– (सात हजार आठ सय पैंसठ्ठी मात्र ।) कायम गरि स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ ले दिएको अधिकार तथा राजस्व परामर्श समितिको मिति २०७९।८।१२ गतेको निर्णयानुसार ठेक्का व्यवस्थापन गर्नु पर्ने भएकोले निम्न शर्तहरु पालना गर्ने गरी दोस्रो पटक ७ दिने सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक ब्यक्ति, फर्म/कम्पनीहरुले राजश्व शाखामा रु. १,०००।०० दस्तुर बुझाई शिलवन्दी बोलपत्र खरिद गर्न सकिनेछ । ८ औं दिन दिनको १२ बजे भित्र शिलवन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट पेश गर्न सकिनेछ । समयमा दाखिला भएका शिलवन्दी बोलपत्र सोही दिनको २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधी अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । ठेक्का सम्बन्धि शर्तहरु र अन्य थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी वा वेभसाईट www.buddhabhumimun.gov.np वा नगरपालिकामा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ ।

शर्तहरु :

१. चमेना गृह संचालन अवधि सम्झौता मिति देखि दुई वर्षको हुनेछ ।

२. चमेना गृह संचालकले प्रत्येक चौमासिक रुपमा भाडा बापतको रकम उपलब्ध गराउनु पर्नेछ । चौमासिक भित्र नबुझाएमा विलम्व शुल्क वापत १० प्रतिशत थप गरी अशुल उपर गरिनेछ ।

३. विद्युतको सव मिटर पहिलो पक्षले उपलब्ध गराउनेछ र सो मा उठेको रकम दोस्रो पक्षले प्रति युनिट चलनचल्तीको दररेटले नगरपालिकामा बुझाउनुपर्नेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

५. बोलत्र दाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरि लेख्नु पर्नेछ ।

६. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा फर्मको हकमा नेपाली नागरिकताको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, फर्म दर्ता र नविकरणको प्रमाणपत्र आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ । व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि , प्यान दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

७. चमेना गृह भाडामा लिन चाहने इच्छुक फर्म, व्यक्तिले कबोल अंकलाई आधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत धरौटी बुद्धभूमि नगरपालिकाको नाममा एनएमबी बैंक गोरुसिंगेमा रहेको धरौटी खाता नं. ०४४००५५९९७६०००४१ मा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानतको सक्कल प्रति पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन ।

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

८. बोलपत्र खरिद कर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएका शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

९. रितपूर्वक दाखिला भएका शिलबन्दी बोलपत्र मध्ये घटी वा बढी वालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकृत स्वीकार्य हुनेछैन ।

१०. कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउन पर्ने बाँकी बक्यौता भएका व्यक्ति,फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्का प्रयोजनको अभिन्न अंगको रुपमा मानिनेछ ।

१३. कर्मचारी/ जनप्रतिनिधि तथा कार्यालयलाई उपलब्ध गराउने खाजा/खानाको दररेट कबोल गरेको आधारमा हुनेछ ।

१४. खाजा तथा खानाको दररेट विश्लेषण र बुझाउने भाडाको आधारमा विश्लेषण गरी सोको मूल्यांकन गरिनेछ । खाजा खानाको दररेटलाई ५० प्रतिशत अंकभार र ५० प्रतिशत भाडाको अंकभार रहने गरी मूल्यांकन गरिनेछ ।

१५. नगरपालिकाको तर्फबाट उपलब्ध गराईएका सामाग्रीहरु उचित कारणबीना टुटफुट भएमा दोस्रो पक्ष (संचालक) ले क्षतिपूर्ति तिर्नुपर्नेछ ।

१६. ठेकेदारले ठेक्का लिए वापत वा व्यवसाय संचालन गरे वापत लाग्ने राजस्व दस्तुर अन्य कुनै सरकारी कर दस्तुर लागेमा छुट्टै बुझाउनु पर्नेछ ।

१७. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत